महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

जानकी गाउँपालिका
कैलाली

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९

च.नः ३२

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

जानकी गाउँपालिका, कैलाली

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....

नारायण एम.सी.

(नायव महालेखापरीक्षक)

बोधार्थः

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९ मितिः २०७८।५।४
च.नः३३

विषयः लेखापरीक्षण प्रतिवेदन

श्री अध्यक्षज्यू,
जानकी गाउँपालिका, कैलाली

कैफियत सहितको राय

हामीले जानकी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.७ करोड ३० लाख ६० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३० लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ३८ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड २५ लाख ६७ हजार र पेस्की बाँकी रु. २ करोड ३६ लाख १४ हजार रहेको छ ।

२.लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१०।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन आएकोमा प्रमाण कागजको अभावमा फछ्र्यौंट हुन नसकेकाले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २९(उनान्तीस) यसैसाथ संलग्न छ ।

३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम. सी.
(नायब महालेखापरीक्षक)

जानकी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९सभा सदस्य, १०७.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४८ हजार ५४० जनसंख्या रहेको छ ।

संचित कोष : आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		११४३००४४९.४७	१	**चालु खर्च**		२६२६०१४१४.७२
	क) नगद			२	**पूँजीगत खर्च**		१८३९०२११४.४७
	ख) बैंक	११४३००४४९.४७		३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		८७६४८८५५.५८		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	६४११९४३.७६			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	८१२३६९११.८२			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**		३८४७४४०००		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	१४१००००००			शेयर लगानी		
	ख) सशर्त अनुदान	२१८७४४०००			अन्य लगानी		
	ग) समपूरक अनुदान	०		५	**अन्तरसरकारी अख्तियारी**		१२७८४६२८७.४३
	घ) विशेष अनुदान	२५००००००			क० सामाजिक सुरक्षा	११९९२०४००	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३८३८९०००		ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण	९५९३५२	
	क) वित्तिय समानीकरण अनुदान	७५०५०००			ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	६९६६५३५.४३	
	ख) सशर्त अनुदान	१७५४३०००		६	अन्य		१२७२१२६.०६
	ग) समपुरक अनुदान	५४०००००			क) सडक विभाग सडक मर्मत सम्भार	६५६९७१.०६	
	घ) विशेष अनुदान	७९४१०००			ख) प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम	१७१९५५	
५	**अन्तर सरकारी अख्तियारी**		१२७८४६२८७.४३		ग) राष्ट्रिय स्वयमसेवक सेवा कार्यक्रम	७३२००	
	क० सामाजिक सुरक्षा	११९९२०४००			घ) शिक्षा विकास निर्देशनालय	३७००००	
	ख० राष्ट्रिय परिचयपत्र	९५९३५२		७	**स्थानीय प्रकोप व्यवस्थापन**		२६७२७४४२.९७

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
	तथा पञ्जिकरण				**कोष**		
	ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	६९६६५३५।४३		८	**धरौटी फिर्ता**		११५२५७९.३६
६	**अन्य**		१३१५१५६.५	९	कोष फिर्ता		०
	क) सडक विभाग सडक मर्मत सम्भार	७०००००		१०	**शसर्त अनुदान फिर्ता**		७००४३२८३.२१
	ख) प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम	१७१९५६.५			**क) संघीय सशर्त अनुदान फिर्ता**	६०५३३४८०.९७	
	ग) राष्ट्रिय स्वयमसेवक सेवा कार्यक्रम	७३२००			**ख) प्रदेश सशर्त अनुदान फिर्ता**	५०९८०२.२४	
	घ) शिक्षा विकास निर्देशनालय	३७००००		११	**बाँकी मौज्दात**		१२७५४४८२२.८७
७	**स्थानीय प्रकोष व्यवस्थापन कोष**		३३१५८२२०.४७		क) सञ्चित कोष	१०८००२४५३.६५	
८	**कर्मचारी कल्याण कोष**		१००००००		ख) धरौटी खाता	२५३२२८९.२८	
९	**विभाज्य कोष**		९५३६२७२		ग) विभाज्य कोष	९५३६२७२	
१०	**धरौटी आय**		३१५१८२९.६४		घ) कर्मचारी कल्याण कोष	१००००००	
११	**लगानीको साँवा फिर्ता**				ङ) प्रकोप व्यवस्थापन कोष	६४३०७७७.५०	
जम्मा			८०१०९००७१.०९	**जम्मा**			८०१०९००७१.०९

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।१०।२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
	लेखापरीक्षणको क्रममा असुली :९१०००	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा रु.१०६९९८९३४।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.११३७६७४१०।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६७६८४७६।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	६७६८४७६
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.४०५७४०२९.- पुजीगत खर्च खातामा रु.२०४२६१४६३ मौज्दात राखेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **बजेट तथा कार्यक्रम**	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा मिति २०७६।३।१० गते रु.६७ करोड २१ लाख ८३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा असार मसान्तभित्रै पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
५.	**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
६.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
७.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.१८३९०२११४।- निकासा भएकोमा प्रथम चौमासिकमा रु.८७९७६५९।- अर्थात ४.७८ प्रतिशत, दोश्रो चौमासिकमा रु.१९०५०३७६।-, अर्थात १०.३५ प्रतिशत र तेश्रो चौमासिकमा रु.१५६०५४०७८-, अर्थात ८४.८७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१३५१५३८९९।— अर्थात ७३.४९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
८.	**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२२११८६१२	१८५३०२१३	८३.८७
२	पूर्वाधार विकास	२९३५५१८७३	१२५१०४९३६	४२.६२
३	सामाजिक विकास	२५४७९३८७१	२०९०७३६९६	८२.०६
४	बातावरण तथा विकास	०	०	०
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१२२७३४६२	८५७५६६७	६९.८७
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८९४४५१८०	८५२१९०१५	९५.४२

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

जम्मा	६७२१८३०००	४४६५०३५२९	६६.४२

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ९५.४२ प्रतिशत र पुर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ४२.६२ प्रतिशत रहेको छ ।

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष आन्तिरक आयबाट रु.६४११९४३।-, राजस्व बाँडफाँडबाट रु.८१२३६९१२ आम्दानी भएकोमा चालु तर्फ रु.२६२६०१४१४।- र पूँजिगत तर्फ रु. १८३९०२११४।- गरी रु.४४६५०३५२८।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५६३१०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८७.८२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.८१ प्रतिशत चालु र ४१.१९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१०. **रकमान्तरः**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट गाउँपालिकास्तरिय ६ योजनाको रु.८९०००००।-समेत गरी कुल १०२ योजनामा विनियोजित रु.३०१७५७६८।— रकम विभिन्न १३१ योजनामा रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

११. **लक्ष्य प्रगति** : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	९४८				७१.६५

संगठन तथा कर्मचारी व्यवस्थापन

१२. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका २ जनासहित ७ जना रिक्त रहेकोमा रिक्त जनशक्तिसमेत करारबाट पुर्ति गरिएको छ ।

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१३.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६६ जना कर्मचारीहरु करार तथा ज्यालादारीमा राखेको छ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००।- ट्रान्सफर गरेको छ । गाउँपालिकाले ऐनको व्यवस्था अनुरुप रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्नुपर्दछ । कल्याण कोषको रकम कार्यविधि निर्माण गरी खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने, इ हाजिरी अनिवार्य हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो कार्यविधि बनाएको छ भने अर्थ मन्त्रालयको स्वीकृती नलिई तथा इ हाजिरी अभिलेख नराखी प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>५७४९००</td></tr>
<tr><td>१६.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्थाअनुसार गाउँपालिकाले गाउँ प्रोफाइल बनाएको छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table><tr><th>विवरण</th><th>जम्मा</th></tr><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td></tr><tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>१२५५</td></tr><tr><td>मृत्युदर्ता</td><td>२६७</td></tr><tr><td>बसाईसराई दर्ता</td><td>१८८</td></tr><tr><td>विवाह दर्ता</td><td>४४६</td></tr></table></td><td></td></tr>
</table>

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	सम्बन्धविच्छेद दर्ता — ० ; **पूर्वाधार विकास सडक निर्माण** ; कालोपत्रे सडक निर्माण, कालोपत्रे सडक मर्मत, ग्राभेल सडक निर्माण, ग्राभेल सडक मर्मत — पेश नभएको माथि उल्लिखित विवरण अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । गाउँपालिकाले सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ ।	
१८.	**योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन ।	
	• **कानून निर्माण एवं कार्यान्वयन**	
१९.	**कानून निर्माण र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म गाउँपालिकाले ५ ऐन, ३ नियमावली, १२ कार्यविधि, २ निर्देशिकासमेत गरी २४ कानून बनाएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको नगर प्रहरी, स्थानीय तथ्याङ्क, आधारभुत स्वास्थ्य तथा सरसफाई, कृषि तथा पशुपालन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ।	
२०.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व. ०७६/७७ मा ५४ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले २७ वटा मुद्दा फछ्र्यौट गरेको र १२ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । समितिले गाउँपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाउँपालिकाले विशेष ध्यान दिनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
२१.	**पदाधिकारी बीमा** - सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को अनूसूची १ क मा गाउँपालिकाका पदाधिकारीहरुले सरकारी कामका सिलसिलामा रु.१० लाखसम्मको यात्रा दुर्घटना बीमा सुविधा पाउने उल्लेख छ । पालिकाले उक्त ऐन पारित नहुँदाकै अवस्थामा कार्यपालिकाबाट निर्णय गराई मिति २०७६।९।२७ मा प्राइम	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

लाइफ इन्सुरेन्ससँग सम्झौता गरी रु.४६१००० देखी रु.११७५००० सम्मको १५देखि १६ बर्ष अवधिको प्राइम जीवन उपहार प्लान बीमाको भुक्तानी गरेको छ । कानूनले तोकेभन्दा बाहेकको सुविधा पदाधिकारीले नपाउने हुँदा बीमावापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

बेरुजू रकम: १५९७३६४

गो.भौ. नं.	रकम
१७९, २०७७।१।३० पुँजीगत	१०९७२७६
५४३, २०७६।९।२८ चालु	५०००००

२२. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५६३१०००।- सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष.. ९ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य ३२ जना	जम्मा
१	बैठक भत्ता	०	०	०	०	०	०
२	यातायात खर्च	०	०	०	०	०	०
३	टेलिफोन,मोबाइल	३६०००	२७०००	१२१५००	२०२५००	५७६०००	९६३०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	४५०००	४०५००	३२४०००	१६२०००	५७६०००	११४७५००
५	समन्वय तथा सहजीकरण	८१०००	६३०००	४८६०००	२७००००	८६४०००	१७६४०००
६	अतिथि सत्कार	९००००	८१०००	५६७०००	०	०	७३८०००
७	खानेपानी/बिजुली /सरसफाई	३१५००	२७०००	१६२०००	१०८०००	२८८०००	६१६५००
८	चाडपर्व खर्च	२५०००	२२५००	१४४०००	५४०००	२२४०००	४६९५००
	जम्मा	३०८५००	२६१०००	१८०४५००	७२९०००	२५२८०००	५६३१०००

२३. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३४५६४५८।- खर्च गरेको छ ।

२४. **अनुगमन खर्चः** गाउँपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राखु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयको अनुगमन खर्च भनि भुक्तान गरेको निम्न बमोजिमको रकम नियम संगत नदेखिएको रु.

बेरुजू रकम: २८३४०००

गो.भौ.नं. र मिति	रकम
२४४, २०७६।८।१	१३९२०००
९३२, २०७७।३।४	४९७०००

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	पुंजीगततर्फ ९४५०००	
	जम्मा २८३४०००	
२५.	**आर्थिक सहायता** - अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई कार्यविधि बनाई रु. १६९७६०३।— नगद बाँडेको देखियो । गाउँपालिकाले वडागत सिफारिस मात्रको आधारमा बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा निजहरुलाई दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु.	१६९७६०३
	• **अनुदान फिर्ता, वितरण र उपयोग**	
२६.	**अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.६०५३३४८०।९७ संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.९५०९८०२।२४ प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ।	
२७.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२८.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड ३९ लाख २ हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना तथा गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
२९.	**सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ७०७७०० बजेटबाट खर्च गरेको छ ।	

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	३	७०७७००
	जम्मा		७०७७००

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	• **कर दस्तुर एवं आन्तरिक आय**	
३०.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.१६६०००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.६४११९४४।- अर्थात अनुमान भन्दा ६१.३७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
३१.	**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	-	-	-
घरजग्गा वहाल कर	५००००	१६१६६९	३२३.३९
व्यवसाय कर	१००००००	२२८९२७	२२.८९
वहाल विरौटी शुल्क	५००००	९४१५४	५३.१०

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
३२.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । कार्यालयले केही वडाहरुमा स्वाचालित प्रणालीमार्फत राजश्व असुली गर्ने कार्य सुरु गरेकोमा आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने कार्यलाई सम्पूर्ण वडाहरुमा विस्तार गर्ने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
३३.	**राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
३४.	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष २०३५०।— असुली भएको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
३५.	**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।	
३६.	**दहत्तर बहत्तर शुल्क** : सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । आ.व. २०७६/७७ मा दहत्तर बहत्तरबाट रु.२९०००००।— आय प्राप्त हुने प्रक्षेपण गरिएकोमा यस वर्ष ठेक्का लाग्न नसकेको कारण रु.१३३२७२।— मात्र आम्दानी भएको छ । अघिल्लो आर्थिक वर्ष रु.१०७०००००।— मा ठेक्का लागेकोमा यस वर्ष ठेक्का नलागेको कारण सोबाट प्राप्त हुने आम्दानी गुम्न गएको छ। गाउँपालिकाले समयमै आय ठेक्का लगाउन ध्यान दिनुपर्दछ ।	
	• **आयकर एवं मू.अ.कर**	
३७.	**मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित ब्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप ब्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकाले भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	३१७८९६

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मु.अ.कर कर रकम	५० प्रतिशत रकम	विजक नं.
६।०७६।६।१०	एल बी कम्प्युटर सेन्टर	४२४,३००	४८८१३	२४,४०७	
८।०७६।६।१०	आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स	४९८,०००	५७२९२	२८,६४६	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

१०।०७६।६।१०	एल बी फर्निचर उद्योग	४५५,९५०	५२४५४	२६,२२७	
१२।०७६।६।१०	अफिस फर्निसिङ	३५५,५००	४०८९८	२०,४४९	
१५।०७६।६।१०	गंगा जमुना ग्रिल उद्योग।न्यू बडीमालिका निर्माण सेवा	४८४,३९१	५५७२६	२७,८६३	
२०।०७६।६।११	श्री इन्द्र धनु अछाम निर्माण सेवा	४८१,५६०	५५४००	२७,७००	
२२।०७६।६।११	अमिक्षा ट्रेडर्स एण्ड सप्लायर्स	४७८,९४९	५५१००	२७,५५०	
३६।०७६।६।१३	जेबिन निर्माण सेवा	४८४,१०९	५५६९४	२७,८४७	
३८।०७६।६।१३	राजेन्द्र निर्माण सेवा	१९६,१८८	२२५७०	११,२८५	
७२।०७६।८।११	बि एण्ड बी कन्स्ट्रक्सन/बी एण्ड बी ट्रेड एण्ड सप्लायर्स	२१८,५१९	२५१४०	१२,५७०	
२२।०७६।६।२१	कोड फ्यूजन प्रा.ली. ktm	४४००००	५७२००	२८६००	०२
१२०१।०७७।३।३१	स्वेत भैरव ट्रेडर्स, दुर्गौली	४४००००	५७२००	२८६००	१९२
११७४/०७७/०३/३०	जी एण्ड जी इन्नोभेसन, टीकापुर	२९७५०८	३८,६७६	१९,३३८	
१९,२०७७/३/२९	कृषि एग्रोभेट फर्म, कैलाली	५४४८३०	७०८२७	३५४१४	
जम्मा				३१७८९६	

३८. **निर्माण सामग्रीः** कार्यालयले देहाय अनुसार ह्युमपाइपसमेतका निर्माण सामग्री खरिद गरेको छ । यसरी सामग्री खरिद गर्नुपूर्व स्वीकृत लागत अनुमान अनुसार प्रयोग हुने योजनासमेत निश्चित गर्नुपर्नेमा वडाबाट माग भई आएको आधारमा निर्माण सामग्री खरिद गरेको देखियो । यसरी वडागत मागका आधारमा खरिद भएका रु. मूल्यका ह्युमपाइपसमेतका निर्माण सामान प्राविधिकबाट नापी कितावमा खर्च जनाई योजनाको बिल अनुसार जिन्सीबाट यस्ता सामान खर्च घटाउनु पर्नेमा उक्त सामानहरु जिन्सीमा मौज्दात समेत नदेखिएकाले खरिद गरेका सामानहरु हिनामिना हुने स्थिति देखियो । यसरी खरिद भएका परिमाणका निर्माण सामग्रीहरु कहाँ कुन अवस्थामा छन्, यकिन गरी आगामी वर्षको कार्यक्रममा उपयोग गरी खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु. ७५७७६१५

गो. भौ. नं. र मिति	आपुर्तक	सामान	भुक्तानी रकम
१७५,२०७७।१।२८	सेती ह्युमपाइप तथा विद्युत पोल उद्योग प्रा.लि.	ह्युमपाइप	२८४७४९
१७६,२०७७।१।२८	कैलाली कंक्रिट इन्डस्ट्रिज प्रा.लि.		२९९००३
१७७,२०७७।१।२८	मालिकार्जुन ह्युमपाइप एण्ड कंक्रिट उद्योग		४९४३९२
१८७,२०७७।१।२८	चक्रेश्वरी विजनेश प्रा.लि.		४९८०१३
१९४,२०७७।२।३०	भागेश्वर ह्युमपाइप इन्डस्ट्रिज प्रा.लि.		४७६७१३
१९५,२०७७।२।३०	मालिकार्जुन कंक्रिट उद्योग		४७४३९७
१९६,२०७७।२।३०	रामदुत कंक्रिट उद्योग		४८६४४२
१९७,२०७७।२।३०	श्रीपुर ह्युमपाइप इन्डस्ट्रिज प्रा.लि.		४५२७३९
१९८,२०७७।२।३०	बर्दगोरिया ह्युमपाइप एण्ड कंक्रिट उद्योग प्रा.लि.		४७७७०९
२००,२०७७।२।३०	सेती ह्युमपाइप तथा विद्युत पोल उद्योग प्रा.लि.		२९०७२६
३२०, २०७७।३।२५	विशाल ह्युमपाइप उद्योग		४८६१८१
३६५, २०७७।३।२५	मालिकार्जुन ह्युमपाइप एण्ड कंक्रिट उद्योग		४८६८७१
३६७,२०७७।३।२९	सेती ह्युमपाइप तथा विद्युत पोल उद्योग प्रा. लि.		७८५८१
३७०,२०७७।३।२९	दाङ भ्याली ह्युमपाइप एण्ड कंक्रिट इण्डस्ट्रिज		४८४०५८
३७१,२०७७।३।२९	बैजनाथ कंक्रिट उद्योग		४७०३०२

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

४०९,२०७७।३।३१	हिमांशु कंक्रिट उद्योग		४८५१४२
४०९,२०७७।३।३१	रिजन ह्युमपाइप तथा कंक्रिट उद्योग		४६९४१५
४२३,२०७७।३।३१	योजना मेटल उद्योग	**पम्पसेटको सामान**	३८२१८२
जम्मा			७५७७६१५

३९. **सौर्यवत्ती जडानः** विभिन्न वडाहरुमा सौर्यवत्ती जडान गर्न देहायबमोजिमका सप्लायर्सहरुलाई सम्झौता गरी भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा सम्बन्धित सप्लायरको फाइलमा संलग्न फोटोहरु एउटै पाइएकाले सौर्यबत्ती जडान भए नभएको यकिन गर्न सकिएन । सो सम्बन्धमा गाउँपालिकाले आवश्यक छानवीन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. — बेरुजू रकम: १७३९५४२

गो. भौ. नं. र मिति	आपुर्तक	भुक्तानी रकम
३१४,२०७७।३।२५	स्नेहा ट्रेड एण्ड सप्लायर्स	४९९०६८
३१५,२०७७।३।२५	द मालिका इन्टरप्राइजेज	२४९५२९
३१३,२०७७।३।२५	समिर ट्रेड सेन्टर	४९९०६८
२९६,२०७७।३।२५	संजय ट्रेड एण्ड सप्लायर्स	४९१८७७
जम्मा		१७३९५४२

४०. **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यस आ.व.मा विभिन्न वडामा सौर्य वत्ती जडान गर्नको लागि ४ टुक्रा बनाई रु.१७३९५४२।- र विभिन्न वडाको लागि ह्युमपाइप खरिद गर्दा १७ टुक्राबाट खरिद गरी रु.७१९५४३३।- भुक्तानी दिएको छ । एउटै प्रकृतिको कामको एकमुस्ट लगत अनुमान स्वीकृत गराई बोलपत्रद्वारा यस्तो कार्य गराउनुपर्नेमा लागत अनुमान कै हाराहारीमा कार्य गराउँदा थप व्ययभार परेको अवस्था देखियो । खरिद कार्यमा सबैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी निर्माण कार्य मितव्ययी प्रतिस्पर्धी, गुणस्तरिय बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

प्रदेश विशेष अनुदान

४१. **बढी भुक्तानीः** प्रदेश विशेष अनुदान (दोस्रो संशोधन) सम्बन्धी कार्यविधि २०७६ को ८(३) मा विशेष अनुदानअन्तर्गतका कार्यक्रममा उपभोक्ताको २० प्रतिशत लागत साझेदारी हुनुपर्ने उल्लेख छ । विशेष अनुदान अन्तर्गतका देहायका आयोजनाहरुमा कार्यविधिबमोजिमको उपभोक्ताको साझेदारीको अंश कट्टा नगरी भुक्तानी दिएकाले उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. — बेरुजू रकम: ४६६१९१

गो. भौ. नं. र मिति	उपभोक्ता समिति	कट्टी हुनुपर्ने	कट्टी भएको	घटी कट्टी
१०,२०७७।३।२५	मिलन चोकदेखी मकरीचोक ढल निकास नि.उ.स.	३०९३५१	१८१७५७	१२७५९४
१४,२०७७।३।२५	मुनुवा स्वास्थ्य चौकी नि.उ.स.	३०९०७५	१४८०२६	१६१०४९
२३,२०७७।३।३१	कंचनपुर सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण उ.स.	३८३४७२	२०५९२४	१७७५४८
जम्मा				४६६१९१

४२. **गो.भौ. नं. १९- २०७७।३।३०** उपभोक्तालाई तोकिएको काम सम्पन्न भएपछि सम्पन्न भएको कामको नापजाच एवं कामसँग सम्बन्धित विलभर्पाई जाँच गरी वास्तविक खर्चको आधारमा रकम भुक्तानी दिनु पर्दछ । भगवती मेडिकलदेखि हाप्रेपुलसम्म बाटो ग्राभेलको कार्यसम्पन्न प्रतिवेदनमा

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>७३१.७४ घ.मि. ग्राभेल गरेको उल्लेख छ भने खरिद विलमा ५४३ घ.मि. ग्राभेल खरिद गरेको उल्लेख छ । खरिद गरेभन्दा १८८.७४ घ.मि. बढी ग्राभेलको परिमाण विलमा चढाई प्रतिघनमिटर रु.११९६.७ का दरले रु.२२५८६५।- बढी भुक्तानी लिएको देखियो । ग्राभेल खरिद गरिएकै परीमाणमा मात्र विलमा चढाई सोही आधारमा ठेक्का विल र कार्य सम्पन्न तयार गरी सम्झौता अनुसारको अनुपातमा रकम भुक्तानी दिनुपर्नेमा लागत अनुमानको आधारमा विल एवं कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्तालाई लाभ पुउने उद्देश्यले बढी रकम भुक्तानी दिएको देखिदा निर्माण कार्यको नाप जाँच गर्ने प्राविधिक कर्मचारी, अनुगमन गर्ने पदाधिकारी एवं सिफारिस कर्तालाई समेत जिम्मेवार वनाई बढी भुक्तानी भएको रकममा उपभोक्ताको अनुपातिक कट्टी गरी बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.</td><td>२२५८६५</td></tr>
<tr><td>४३.</td><td>अधुरो बजेट विनियोजनः गाउँपालिकाले तपसिलबमोजिमका विभिन्न भवन तथा मन्दिर आयोजनामा न्युनमात्रामा बजेट विनियोजन भएकाले सोहीअनुसार प्लिन्थ लेभल र पिल्लरसम्मको कार्यको मात्र लागत अनुमान तयार गरी उपभोक्तामार्फत कार्य गराएको छ । उपभोक्तामार्फत हुने कार्यमा आगामी वर्षमा उक्त आयोजनाहरुमा बजेटको सुनिश्चितता नहुने हुँदा त्यस्ता अधुरा आयोजनामा गरिएको लगानी खेर जाने अवस्था हुने हुँदा गाउँपालिकाले बजेट विनियोजन गर्दा ध्यान पुऱ्याउनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>आयोजना</th><th>बजेट खर्च</th></tr>
<tr><td>१</td><td>विश्वनाथ बाबा मन्दिर</td><td>४८७५००</td></tr>
<tr><td>२</td><td>महिमा कृष्चियन चर्च</td><td>१४६२५००</td></tr>
<tr><td>३</td><td>शिव पार्वती मन्दिर</td><td>९७५०००</td></tr>
<tr><td>४</td><td>नवदिप ज्योति महिला वचत तथा सहकारी संस्था लि. भवन</td><td>९६७८२१</td></tr>
<tr><td>५</td><td>रामजानकी मन्दिर</td><td>१५००५५२</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>• उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>४४.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>लागत सहभागिता – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>४६.</td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालुतर्फ)
औषधी खरिद सम्बन्धमाः (गो.भौ.नं. १३५-०७७।३।१५)
आधारभूत तथा आकस्मिक सेवाको लागि मिति २०७७।०२।१९ को सम्झौता अनुसार हिल्स मेडी सप्लायर्स कारकादो बाँके नेपालगन्जबाट ४७ प्रकारका बिभिन्न परिमाणका औषधी खरिद गरी रु. ९,९६,६१५।४० बजेट खर्च लेखेको पाइयो । तापनि आपूर्ति गरिएका औषधीहरु तोकिएको स्पेसिफिकेशन, गुणस्तर परिमाण एंव मापदण्ड बमोजिमको प्रयोग योग्य अवधि बाँकी रहेका छन भन्ने प्राविधिक रिपोर्ट संलग्न गरेको पाइएन । यसर्थ सार्बजनिक खरिद नियमसम्मत छ भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>४७.</td><td>गो.भौ.नं.२५।०७६।८।२९ ६५।०७६।१०।०५ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, न्यानो झोला, भिटामिन के, सल्फेट सोडियम, ग्लुकोनेट र निःशुल्क गर्भपतन कार्यक्रमको रकम निकासा पठाएको कार्यालयबाट सोको प्रगति प्रतिवेदन प्राप्त गरी अनुदान रकमको उपयोग र प्रभावकारिता सम्बन्धमा अनुगमन गरिनु पर्दछ।
<table>
<tr><th>स्वास्थ्य चौकीको नाम</th><th>रकम</th></tr>
<tr><td>जानकी नगर स्वास्थ्य चौकी</td><td>१५२,०००</td></tr>
<tr><td>मुनुवा स्वास्थ्य चौकी</td><td>२०७,२००</td></tr>
<tr><td>पथरैया स्वास्थ्य चौकी</td><td>१०९,२००</td></tr>
<tr><td>दुर्गौली स्वास्थ्य चौकी</td><td>२३८,४००</td></tr>
<tr><td>जम्मा</td><td>७०६,८००</td></tr>
</table></td><td>७०६८००</td></tr>
<tr><td>४८.</td><td>प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको बील भरपाई वा खर्च पुष्टयाई आधार प्रमाण संलग्न राखी बजेट खर्च लेखु पर्नेमा निम्नानुसार कैफियत बेहोरा देखिएकोले उक्त खर्च नियमित छ भन्न सकिएन ।
<table>
<tr><th>गो.भौ.नं.। मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td colspan="4">संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (चालुतर्फ)</td></tr>
<tr><td>५४।०७६।१०।८</td><td>सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि १० वटा विद्यालयको खातामा दिवा खाजा बापतको रकम निकासा</td><td>११,७४,५००</td><td>कहिलेदेखि कहिलेसम्मको लागि निकासा पठाएको हो उक्त अवधिमा विद्यार्थीले दिवा खाजा उपभोग गरेको आश्वस्त हुने प्रमाण नरहेको ।</td></tr>
<tr><td>११३।०७७।२।२०</td><td>सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि ३३ वटा विद्यालयको खातामा दिवा खाजा बापतको रकम निकासा ।</td><td>४३,६०,१००</td><td>कहिलेदेखि कहिलेसम्मको लागि निकासा पठाएको हो उक्त अवधिमा विद्यार्थीले दिवा खाजा उपभोग गरेको आश्वस्त हुने प्रमाण नरहेको ।</td></tr>
<tr><td>७६।०७६।१</td><td>विद्यालय शैक्षिक गुणस्तर एवं</td><td>२,९७,०००</td><td>कार्य प्रगति प्राप्त नभएको ।</td></tr>
</table></td><td>१२६०७२२६</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा				बेरुजू रकम
	१।२२	कार्यान्यवनका लागि प्रोत्साहन अनुदान निकासा ।			
	९४।०७६।१२।२८	शिक्षातर्फका ३ जना कर्मचारीहरुको चैत्रको महंगि भत्ता तलब खर्च शीर्षकबाट गरेको ।	६,०००	खर्च शीर्षक फरक परेको ।	
	१००।०७७।२।२	शिक्षातर्फका ३ जना कर्मचारीहरुको बैशाखको महंगि भत्ता तलब खर्च शीर्षकबाट गरेको ।	६,०००	खर्च शीर्षक फरक परेको ।	
	१०३।०७७।२।४	स्वास्थ्यतर्फका ३१ जना कर्मचारीहरुको पोशाक भत्ता तलबबाट खर्च लेखेको ।	३,१०,०००	खर्च शीर्षक फरक परेको ।	
	११२।०७७।२।२०	सामाजिक परीक्षण र विद्यालय सुधार योजनाको रकम निकासा ।	९,३५,०००	सामाजिक परीक्षण गराएको र विद्यालय सुधार योजना कार्यान्वयनको प्रगति प्राप्त नभएको	
	११४।०७७।२।२०	शिक्षण सिकाई सामाग्री बुक कर्नरको लागि ३३ विद्यालयमा रकम निकासा	१५,७१,२००	प्रगति प्रतिवेदन पेश नभएको ।	
	१५५।०७७।३।२४	जनता नमूना मा.वि. जानकी ४ लाई कार्य योजनाको आधारमा पूर्वाधार विकासको रकम निकासा	२६,५०,०००	कार्य योजना बमोजिमको कार्य प्रगति प्राप्त नभएको ।	
	१५७।०७७।३।२४	शिशु मा.वि. जानकी ६ लाई विभिन्न विषयका किड्स व्यवस्थापनको रकम निकासा ।	५०,०००	प्रगति पेश नभएको ।	
	१६९।०७७।३।२५	आमा सुरक्षा कार्यक्रमको रकम निकासा पे.फ. (दुर्गौली स्वास्थ्य चौकी) ।	१,०८,०००	खर्चका फाँटवारी नरहेको ।	
	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगततर्फः				
	२३।०७७।३।२४	वडा नं. १ मा १७ थान सोलार सेट खरिदको बील भुक्तानी ।	३,४०,०२६	सोलार सेट जडान भई कार्य सम्पन्न भएको प्रमाण नरहेको।	
	४३।०७७।३।३१	वडा नं.३, ६ र ९ मा बिउ बिजन वितरण सम्बन्धी १५ जना पदाधिकारी कर्मचारीहरुलाई अनुगमन भत्ता खर्च लेखेको ।	२३,८००	खर्च लेख्न मिल्ने आधार प्रमाण नरहेको ।	
	२२।०७७।३।२३	राष्ट्रिय मा.वि.पाथामरको भवन निर्माणको बील भुक्तानी ।	७७५,६००	नापी किताब नरहेको ।	
	जम्मा		१२६०७२२६		
४९.	**संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगततर्फः** ३७।०७७।३।२९ नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ बमोजिम स्थानीय तहले स्वीकृत नमूना विद्यालय विकास योजनाको परिधिभित्र रही संघीय वा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान समयमै निकासा गरी स्थानीय सरकारको स्रोत समेत समावेश गरी शैक्षिक र भौतिक				

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पूर्वाधार विकास गराउन सक्ने उल्लेख छ । जस अनुसार यो बर्ष कार्यालयले जनता नमूना मा.वि. जानकी ४ को सिभिल बैंक दुर्गौलीमा रहेको बैंक खातामा रु. १,०७,८७,६५९ निकासा दिई उक्त खातामा रहेको रु. १,३४,३७,६६० गाउँपालिकाको फुकुवाको सिफारिसपत्र नआएसम्मको लागि रोक्का गरी दिनु हुन अनुरोध गरेको पाइयो । यस आ.ब.मा नेपाल सरकार शसर्त अनुदान अन्तर्गत प्राप्त बजेट उक्त विद्यालय भवन निर्माण सम्बन्धमा लागत अनुमान र भएको सम्झौता बमोजिमको कार्य सम्पादनको आधारमा बजेट खर्च लेखु पर्नेमा भवन निर्माणका लागि समेत भनी प्राप्त बजेट खर्च लेख्नु मनासिब देखिएन । अतः विद्यालयको अधुरो र नयाँ भवन निर्माण सम्बन्धी कार्यालयबाट निरीक्षण अवलोकन गरी नियमानुसारका फाँटवारी र प्रगति प्रतिवेदन प्राप्त गरी निकासा दिएको अनुदान रकमको उपयोग र प्रभावकारिता सम्बन्धमा अनुगमन हुनु पर्दछ ।</td><td>१०७८७६५९</td></tr>
<tr><td>५०.</td><td>(गो.भौ.नं. ४४, ०७७।३।३१) राष्ट्रिय मा.बि. अमौरा जानकी ५ को विद्यालय भवन भौतिक मर्मत (रेट्रो फिटिङ्ग) को लागि कार्य सम्पादनको आधारमा बजेट खर्च लेख्नु पर्नेमा कार्यालयबाट भवन निर्माण सम्बन्धि निरीक्षण, अवलोकन गरी नियमानुसार सम्झौता बमोजिमका फाँटवारी/प्रतिवेदन प्राप्त गरी निकासा दिएको विशेष अनुदान रकमको उपयोग र प्रभावकारीता सम्बन्धमा अनुगमन हुनु पर्दछ।</td><td>८,८२,०००</td></tr>
<tr><td>५१.</td><td>अधुरो आयोजनाः यसै आ.ब. भित्र सम्पन्न गर्ने शर्तमा भएका सम्झौता बमोजिमका निम्नानुसार योजना/कार्यक्रमहरु सम्पन्न नभई अधुरै रहेको पाइयो । योजना/कार्यक्रम निर्धारित समयमै सम्पन्न गर्ने गराउनेतर्फ सम्बन्धित निर्माण व्यवसायी, उपभोक्ता समितिसँगको समन्वयमा कार्यक्षमताका साथ लागि सरोकारवालाहरुलाई लाभान्वित गराउन कार्यालयको पहलकदमी हुनु जरुरी देखिन्छ ।
<table>
<tr><th>गो.भौ.नं.। मिति</th><th>योजना/कार्यक्रम</th><th>सम्झौता</th><th>भुक्तानी</th><th>निर्माण व्यवसायी</th></tr>
<tr><td>२२।०७७।३।२३</td><td>राष्ट्रिय मा.बि.पाथामार भवन निर्माण</td><td>१२१८४६९</td><td>७७५६००</td><td>भवन निर्माण उपभोक्ता समिति</td></tr>
<tr><td>३८।०७७।३।३०</td><td>स्वास्थ्य चौकी भवन निर्माण, जानकी ३</td><td>४२९९४९७</td><td>८५५१७८</td><td>जय प्रभु निर्माण सेवा</td></tr>
<tr><td>४१।०७७।३।३१</td><td>जेष्ठ नागरिक मिलन केन्द्र भवन निर्माण जानकी ९</td><td>४३४०२०५</td><td>२०४०६७३</td><td>भवन निर्माण उपभोक्ता समिति</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>गो. भौ. नं. ४३, ०७७।३।३१ यस गाउँपालिकाका वडा नं. ३, ६ र ९ मा बिउ बिजन वितरण सम्बन्धि अनुगमन गरेको भनी कार्यालयका १५ जना पदाधिकारी/कर्मचारीलाई अनुगमन प्रतिवेदन बेगर भ्रमण भत्ता खर्च लेख्न मिल्ने आधार प्रमाण नदेखिएको रु.</td><td>२३,८००</td></tr>
<tr><td>५३.</td><td>अधुरा आयोजना – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.४५३१९१५९।- का ६ योजनाको कार्य सम्पन्न हुन</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन।	

गो. भौ.नं. र मिति	विवरण	निर्माण व्यवसायी	सम्झौता	सम्पन्न
४०, ०७६।६।१४	वडा नं. ५ अमौरी चोकदेखि वडा नं. ८ जदुपुर रोड कालोपत्रे गर्ने काम	श्री साई कन्स्ट्रक्शन	३३,३६,०८७	०
४१, ०७६।६।१४ ३१२, ०७७।३।२५	कञ्चनपुर पुल बंजरिया वडा नं.२ सडक कालोपत्रे गर्ने काम	श्री साई कन्स्ट्रक्शन	६६,६८,९२९	२९,४०,६०५
११०।०७६।१०।८ ३१०।०७७।३।२५	लायकपुर सूवर्णपुर भागरैया ८ बाट अमरावती फायर लाइन रोड निर्माण कार्य	शाही कन्स्ट्रक्सन सर्भिसेज कम्पनी प्रा.लि.	११४,६७,८७२	६७,२६,५३९
११४।०७६।१०।१० ३४१।०७७।३।२५	कभर्डहल निर्माण सेवा	बंगलामुखी/टि. डि.आर जे.भि.	१८४,१६,२५०	९०,९२,३४५
११६।०७६।१०।११ ३८८।०७७।३।३०	वडा नं. ७ शहिद गेटदेखि वडा कार्यालयसम्म कालोपत्रे गर्ने कार्य	एम. एस. कन्स्ट्रक्सन प्रा.लि.	३२,४७,२८६	८२०,७५५
४४८।०७७।३।३१	ओम शान्ति भवन निर्माण जानकी १	उपभोक्ता समिति	२१,८२,७३५	११,५०,६२५

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
५४.	**गो.भौ.नं.** ११०।०७६।१०।८ र ३१०।०७६।३।२५ लायकपुर सूवर्णपुर भागरैया ८ वडा अमरावती फायरलाइन रोड निर्माण कार्यका निर्माण व्यवसायी शाही कन्स्ट्रक्सन सर्भिसेज कम्पनी प्रा.लि.को प्रथम र दोस्रोको रनिङ्ग बील बमोजिम यो वर्ष रु. ६७,२६,५३१।९३ भुक्तानी भएकोमा नेपाल इन्स्योरेन्स क. लि. का संलग्न कर बिजक बमोजिम रु. ६६,११९ मात्र भुक्तानी दिनु पर्नेमा रु. ७५,००० भुक्तानी दिएकोले बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.	८,८८१
५५.	**गो.भौ.नं.** १२८।०७६।११।१ गहुँको बिउ वितरण कार्यक्रम बमोजिम बिभिन्न कृषकहरुलाई ३००० के.जी. गहुँको बिउ बितरण गरेकोमा भर्पाई बमोजिम सि.नं. १७ का सन्तोष चौधरीले ५२ के.जी. गहुँको बिउ बुझेको भर्पाई बेगर खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.	३,६४०
५६.	**गो.भौ.नं.** ४४८।०७७।३।३१ ओम शान्ति भवन निर्माण उपभोक्ता समिति जानकी १ सँगको सम्झौता बमोजिम रु. २१,८२,७३५ को स्वीकृत लागत अनुमान बमोजिम कार्यालयबाट रु. १९,५०,००० मात्र भुक्तानी गर्ने शर्त रहेकोमा रु. ११,५०,६२५ मात्रको कार्य सम्पन्न गरी रु.	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	१०,२७,८५३ मात्र भुक्तानी गर्नुपर्नेमा रु.१०,३१,४२३ भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.	३,५७०
५७.	**गो.भौ.नं. ४१।०७६।६।१७ र ३१२।०७७।३।२५** Upgrading the Kari chapur Pul to Bardiya road कालोपत्रे गर्ने कार्यमा sub base (ग्राभेल) को परिमाण ठेक्का सम्झौतामा ११३४ घ.मी.(९४५×०.२=११३४) रहेकोमा उक्त सडक ९ मिटर ग्राभेल राख्नुपर्ने भन्ने ४ नं. वडाका स्थानीय जनताको माग बमोजिम उक्त कामको कूल परिमाण (९४५×९×०.२=१७०१) घ.मी. भएकोले निर्माण कार्यमा ५६७ घ.मी. ग्राभेल परिमाण थप गरी भेरियसन स्वीकृत गर्ने निर्णय गरेकोले निर्माण व्यवसायी श्री साइ कन्स्ट्रक्सन टिकापुर १ ले ठेक्का सकारेकै BOQ बमोजिमकै दररेटमा कार्य गराउन पनि उक्त कार्यमा शुरु परिमाणको ५० प्रतिशत थप गर्दा मूल्य अभिवृद्धि कर वाहेक रु. ५,१०,३०० बढी खर्च हुने स्थिति देखियो । स्थानीय जनसमुदायहरुसँग समन्वय र समझदारी बेगर सडक बिस्तारको ठेक्का सम्झौता गर्दा तत्काल भेरिएसन गर्नु परेको देखिएकोले शुरुमै प्रकृयागत त्रुटिको कारण यस्तो भएको र कार्यालयबाट सडकको डिपीआर डिटेल सर्भे चरणकै ध्यान नपुगेको पाइयो । अतः जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाई थप व्ययभार न्युनीकरण गर्ने गराउनेतर्फ कार्यालयको पहल हुन जरुरी देखिन्छ ।	
५८.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालय रहेको छ । उक्त विद्यालयहरुमा २०२ शिक्षक दरवन्दी रहेकोमा १९३ पदपुर्ति रहेको छ भने पदपुर्तिमध्ये ९० करारबाट पुर्ति तथा ९ दरवन्दी रिक्त रहेको छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।	
५९.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२५ जनालाई रोजगारी उपलव्ध गराई रु.२५१०७५६।- खर्च गरेको छ । लक्षित वर्गलाई १९ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	समानीकरण पूँजिगततर्फ	
६०.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले पूर्वाधार विकासका आयोजनाहरुबाट २.५ प्रतिशतका दरले कन्टिजेन्सी खर्च कट्टी गरी विभिन्न ११ वटा खर्च शीर्षकहरुमा कट्टी गरेको रकम रु. ५८,७१,७१२ खर्च गर्ने भनी निर्णय भएकोमा कार्यालयले यो वर्ष त्यस्ता योजनाहरुबाट के कति कन्टिजेन्सी कट्टी गरी कहाँ कहाँ के कति रकम खर्च गरेको छ सोको अभिलेख पेश हुन आएन । जसले गर्दा कन्टिजेन्सी खर्च यकिन गर्न सक्ने आधार रहेन । कार्यालयले कन्टिन्जेन्सीको अभिलेख राखी कन्टिन्जेन्सी रकमलाई कार्ययोजना बनाई खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६१.	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्र्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।	
६२.	**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
६३.	**डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार विश्वनाथ मन्दिर निर्माणको लागि डि.पि.आर. परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरी रु.२९५०००।— खर्च लेखेको छ । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।	
६४.	**सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले वडाको दर्ता चलानी तथा सिफारिस सम्बन्धी सफ्टवेयर खरिद गर्न रु.४९७२००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	
६५.	**गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td></td><td>समानीकरण चालुतर्फ</td><td></td></tr>
<tr><td>६६.</td><td>बिल भरपाई नभएको — प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तपसिलबमोजिमको कारोवारमा विरुवा खरिद गरेको विलमात्र संलग्न गरी उक्त विरुवा कहाँ खर्च भएको हो सोको प्रमाण नराखी भुक्तानी भएकाले खरिद भएको विरुवा खर्च भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं/मिति</th><th>भुक्तानी पाउने</th><th>खरिद भएको सामान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४०१, २०७७।३।३१</td><td>करुणा नर्सरी</td><td>फलफुलको विरुवा</td><td>१०००००</td></tr>
<tr><td>४६१, २०७७।३।३१</td><td>वडा सचिव प्रेम बहादुर बुढा</td><td>विरुवा</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०००००</td></tr>
</table></td><td>२०००००</td></tr>
<tr><td>६७.</td><td>महंगी भत्ता — गाउँपालिकामा कार्यरत करार अन्तर्गतका देहायका कर्मचारीहरुलाई महंगी भत्ता वापत रु.१४४००० भुक्तानी गरेको छ । करारका कर्मचारीहरुलाई महंगी भत्ता दिन मिल्ने आधार प्रमाण नभएको रु.
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>दर</th><th>महिना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>श्री दिपक कुमार बुढाथोकी</td><td>ना. प्रा. स. चौथो</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>२</td><td>श्री मोहनलाल चौधरी</td><td>ना. प्रा. स. चौथो</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>३</td><td>श्री विमला विश्वकर्मा</td><td>ना. प्रा. स. चौथो</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>४</td><td>श्री चक्र प्रसाद भाट</td><td>ना. प्रा. स. चौथो</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>५</td><td>श्री तेजाराम चौधरी</td><td>ना. प्रा. स. चौथो</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td>६</td><td>श्री अस्मिता ओड</td><td>ना. प्रा. स. चौथो</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१४४०००</td></tr>
</table></td><td>१४४०००</td></tr>
<tr><td>६८.</td><td><u>गो.भौ.नं.</u> ११/०७७/०३/२५ जनचेतना सामुदायिक सिकाई केन्द्रलाई कार्यालय संचालन तथा व्यवस्थापन खर्च रु.१०००००।— अनुदान निकासा गरेकोमा उक्त केन्द्रको कार्यप्रगति र अनुदान रकमको उपयोग र प्रभावकारिता सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td><u>कृषि चालुः गो.भौ.नं. (</u>१९/०७७/०३/०९)
प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कृषकहरुको लागि धानको विउ वितरण गर्दा आवश्यक भरपाई पेश नभएकाले अनियमित देखिएको रु.</td><td>१०१२३८</td></tr>
<tr><td>७०.</td><td>भ्रमण खर्च : सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । यसरी स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणहरुमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	
७१.	**डोजर मर्मत :** पालिकामा रहेको डोजरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.११२५५९।-खर्च गरेको छ । उक्त डोजरबाट कार्यालयले रु.९४१५४।- मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्नुपर्दछ ।	
७२.	**सामाजिक सुरक्षातर्फ** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको एम.आई.एस. प्रणालीमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यवस्था छ ।	
	(क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन । यो वर्ष सामाजिक सुरक्षा भत्ता रकममा रु.११९९२०४००।— खर्च भएकोमा वडा नं. ५ मा बैङ्किङ प्रणालीबाट रु.८००४८००।- वितरण गरेको पाइयो । अन्य वडामा रु.१११९१५६००।- नगदै बुझाएको पाइयो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा जोखिम हुन सक्ने देखिएकोले व्यवस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ ।	
	(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने ब्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ । एम.आई.एस. प्रणालीलाई अद्यावधिक गर्नेतर्फ गाउँपालिकाले विशेष ध्यान पुऱ्याउनुपर्दछ ।	
	प्रकोप व्यवस्थापन कोष (कोभिड १९)	
७३.	कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ।	

आम्दानीको विवरण	रकम	खर्चको विवरण	रकम
संघीय संचित कोष	५००००००	राहत वितरण	४३४१४६६
प्रदेश संचित कोष	३४१५०००	क्वारेण्टिन व्यवस्थापन	७२३०६५७
आन्तरिक स्रोत	२११७५०००	आइसोलेसन व्यवस्थापन	४७२०००
संघीय कोभिड कोष	२९००८००	जोखिम भत्ता	६३०३८२७
अन्य	६६७४२०	औषधि एवं स्वास्थ्य सामग्री	४९०९१६१
		अन्य	३४७०३३१
		मौज्दात	६४३०७७८
जम्मा	३३१५८२२०	जम्मा	३३१५८२२०

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
७४.	**राहत वितरणः** राहत सामग्री खरिद गर्दा सोझै खरिद गरेको छ । गाउँपालिकाले राहत वितरणमा रु.४३४१०३०।- खर्च गरेको छ । गाउँपालिकाले राहत वितरणसम्बन्धी मापदण्ड निर्धारण गरी सोही अनुसारका वडाबाट सिफारिस भई आएका नामावली अनुसार राहत वितरण गरेको पाइयो ।	
७५.	**क्वारेण्टिन व्यवस्थापनः** गाउँपालिकाले २७ वटा क्वारेण्टिन व्यवस्थापनमा रु.७२३०६५७।- खर्च भएको छ। क्वारेण्टिनमा असार मसान्त सम्म २९१२ जना बसेका छन् । क्वारेण्टिनमा प्रतिव्यक्ति औषत रु.२४८३।- खर्च भएको छ ।	
७६.	**जिन्सी व्यवस्थापनः** क्वारेण्टिन व्यवस्थापनको क्रममा खरिद गरिएका खप्ने तथा नखप्ने सामानहरु जिन्सीमा आम्दानी जनाइएको छैन भने खप्ने किसिमका पंखा, पानीट्याङ्की लगायतका सामानहरुसमेत कहाँ के कुन अवस्थामा रहेका छन सो को लगत राखेको पाइएन । विद्यालय तथा सार्वजनिक भवनहरुमा प्रयोग भएका त्यस्ता सामानहरु त्यस्ता संस्थाहरुलाई हस्तान्तरण गरी वा कार्यालयले आफ्नो जिम्मामा लिई संरक्षण गर्नुपर्दछ ।	

दफा नं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
७७.	**जोखिम भत्ताः** कार्यालयले स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीहरुलाई कार्यविधिले व्यवस्था गरेअनुसार रु.५७०५३२७।— जोखिम भत्ता वितरण गरेको छ भने राजनीतिक पदाधिकारीलाई कार्यपालिकाले निर्णय गरी रु. ५९८५०० जोखिम भत्ता वितरण गरेको पाइयो । निर्देशिकाले पदाधिकारीलाई जोखिम भत्ता दिन नमिल्ने देखिएकाले असुलउपर गर्नुपर्ने रु,	५९८५००
७८.	**कोषबाहिरबाट खर्चः** कार्यालयले चालु खर्च शिर्षकको गौ.भौ.नं.८८८ तथा ८८९ बाट रु.४६१७९५।- खर्च गरेको छ । कोभिड व्यवस्थापनको लागि कोष व्यवस्थापन गरिएको अवस्थामा अन्य खर्च शिर्षकबाट समेत खर्च गरिँदा खर्चको यकिन विवरण प्राप्त गर्न कठिनाइ हुन्छ । कोष स्थापना भएको अवस्था हुँदाहुँदै कोषबाहिरबाट खर्च गरिएको हुँदा खर्च नियमित गर्नुपर्ने रु.	४६१७९५
७९.	**वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
८०.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।	
८१.	**पेश्कीः** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुंपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्यौंट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्यौंटको लागि पेश गर्ने गरेको देखियो । उपभोक्ता समितिहरुमार्फत कार्यान्वयनमा ल्याइएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षमाभित्र फछ्यौंट नहुने गरी पेश्की समेत उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिएको देखिन्छ। **पेश्की फछ्यौंटः** पेश्की दिएको रकम म्यादभित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा म्यादभित्र अर्थात आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई बाँकी देखिएकाले समयमा फर्छयौट गर्नु गराउनु पर्ने देखिएको रु.	२३६१३८७१

दफा नं.	भौ.नं., मिति र व्यहोरा					बेरुजू रकम
	सि.नं.	पेश्की लिएको मिति	पेश्की लिनेको नाम	पेश्की रकम	कैफियत	
	१.	२०७६।८।११	पहुँचविहिनहरुका लागि सामाजिक उत्थान केन्द्र (एक्सेस) नेपाल	२०००००	संस्थागत	
	२.	२०७६।८।११	टिकापुर टेक्निकल इन्स्टिच्युट प्रा.लि.	१५००००		
	३.	२०७६।१२।६	अधिकृत छैठौं धर्मानन्द कपाडी	३२८७३८	कर्मचारी	
	४.	२०७७।२।२०	श्री ऐश्वर्य अधारभुत विद्यालय पालबजार	२१००००		
	५.	२०७६।१२।१७	वडाध्यक्ष श्री खकेन्द्र भण्डारी	२५०००	पदाधिकारी	
	६.	२०७६।१२।६	सन्तोष कुमार थारु	६८०००		
	७.	२०७७।३।३	अधिकृत छैठौं धर्मानन्द कपाडी	९००००	कर्मचारी	
	८.	२०७६।१०।१३	एम. एस. कन्स्ट्रक्सन	२८००००	मोविलाइजेशन	
	९.	२०७६।६।४	श्री साई कन्स्ट्रक्सन	३०००००		
	१०.	२०७६।६।४	श्री साई कन्स्ट्रक्सन	३३३६०८		
	११.	२०७६।११।२३	मानव अधिकार सचेत तथा सामाजिक विकास केन्द्र हुराड्स टिकापुर	७५०००	संस्थागत	
	१२.	२०७६।९।१६	उद्यमी विकास प्राविधिक शिक्षालय तथा परामर्श केन्द्र	३०००००		
	१३.	२०७६।९।१६	एल्मुनियम फर्निचर तालिम	२०००००		
	१४.	२०७६।११।२३	मानव अधिकार सचेत तथा सामाजिक विकास केन्द्र हुराड्स	५००००	संस्थागत	
	१५.	२०७६।११।३०	सामाजिक शैक्षिक संरक्षण तथा वातावरणीय विकास	३००००		
	१६.	२०७६।११।२९	नेपाल अदिवासी उत्थान समाज	१९४४०		
	१७.	२०७६।११।२९	नेपाल अदिवासी उत्थान समाज	५८०००		
	१८.	२०७६।११।२९	नेपाल अदिवासी उत्थान समाज	३८०००		
	१९.	२०७७।३।३०	अधिकृत छैठौं धर्मानन्द कपाडी	११४६८५		
	२०.	२०७७।१।२३	वडाध्यक्ष खकेन्द्र भण्डारी	५००००		
	२१.	२०७६।११।३०	प्रेम बहादुर बुढा	२४०००		
	२२.	२०७७।३।१२	प्रेम बहादुर बुढा	१२७४०००		
	२३.	२०७७।३।१२	प्रेम बहादुर बुढा	२१६८०००		
	२४.	२०७७।३।१२	प्रेम बहादुर बुढा	२५४४०००		
	२५.	२०७७।३।१२	प्रेम बहादुर बुढा	३१२०००		
	२६.	२०७७।३।१२	प्रेम बहादुर बुढा	१६६४००		
	२७.	२०७७।३।१२	प्रेम बहादुर बुढा	४१८०००		
	२८.	२०७७।३।१२	प्रेम बहादुर बुढा	१३८१०००		
	२९.	२०७७।३।१२	प्रेम बहादुर बुढा	२४०००		
	३०.	२०७७।३।७	पुरन बहादुर कठरिया	११२८०००		
	३१.	२०७७।३।७	पुरन बहादुर कठरिया	२०८०००		
	३२.	२०७७।३।७	पुरन बहादुर कठरिया	८०००		
	३३.	२०७७।३।७	पुरन बहादुर कठरिया	१२७२०००		
	३४.	२०७७।३।७	पुरन बहादुर कठरिया	८४०००		
	३५.	२०७७।३।७	पुरन बहादुर कठरिया	१२१६००		
	३६.	२०७७।३।७	पुरन बहादुर कठरिया	२६०००		

दफा नं.	भौ.नं, मिति र व्यहोरा					बेरुजू रकम
	३७.	२०७७।३।७	पुरन बहादुर कठरिया	६९६०००		
	३८.	२०७७।३।७	रेनुका उपाध्याय	१४४००००		
	३९.	२०७७।३।७	रेनुका उपाध्याय	२४८०००		
	४०.	२०७७।३।७	रेनुका उपाध्याय	१२६४०००		
	४१.	२०७७।३।७	रेनुका उपाध्याय	३६०००		
	४२.	२०७७।३।७	रेनुका उपाध्याय	१६६४००		
	४३.	२०७७।३।७	रेनुका उपाध्याय	३७२००		
	४४.	२०७७।३।७	रेनुका उपाध्याय	८८००००		
	४५.	२०७७।३।७	गणेश बहादुर थापा	१५३६०००		
	४६.	२०७७।३।७	गणेश बहादुर थापा	५८४०००		
	४७.	२०७७।३।७	गणेश बहादुर थापा	१२८८०००		
	४८.	२०७७।३।७	गणेश बहादुर थापा	९६०००		
	४९.	२०७७।३।७	गणेश बहादुर थापा	१२८०००		
	५०.	२०७७।३।७	गणेश बहादुर थापा	९०८००		
	५१.	२०७७।३।७	गणेश बहादुर थापा	१०४४०००		
	जम्मा			२३६१३८७१		
८२.	**आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ ऐनको ९६ नं. बमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउने व्यवस्था छ । कार्यालयले आफ्नो आन्तरिक लेखापरीक्षण शाखाबाट गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा लगती बेरुजू औंल्याएको छैन । सैद्धान्तिक व्यहोरा सुझावका रुपमा पेश गरेकोमा सो को कार्यान्वयन गरी आर्थिक प्रशासनमा सुधार गर्नुपर्नेमा कैफियत व्यहोरा सुधार गरी अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता अद्यावधिक गराएको छैन ।					

सञ्चित कोषको विवरण
२०७६।०७७

अनुसूची १

(रु. हजारमा)

क.सं.	स्थानीय तह	जिल्ला	आय						व्यय				मौज्दात बाँकी
			गत वर्षको जिम्मेवारी	सङ्घ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	जानकी गाउँपालिका	कैलाली	११४३००	४२३१३३	८१२३७	६४१२	१७६००७	६८६७८९	२६२६०१	१८३९०२	२२७०४१	६७३५४४	१२७५४५

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७६।०७७

अनुसूची २

(रु. हजारमा)

क.सं.	स्थानीय तह	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	जानकी गाउँपालिका	५८	२४	७३०६०	०	०	०	५८	२४	७३०६०	३०४८	२३८३१	२२५६७	०	०	४६३९८	२१३४५	२२६९	२३६१४

अद्यावधिक बेरुजू स्थिति
२०७६।०७७

अनुसूची ३

(रु. हजारमा)

क.सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी	हालसम्मको पेश्की बाँकी
१	जानकी गाउँपालिका	कैलाली	७९९१३	०	०	७९९१३	०	७३०६०	१५२९७३	५२०२४